# बार्षिक बजेट तथा कार्यक्रम
## आर्थिक वर्ष २०८०/८१

मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भातेखोला, बझाङ्ग

**गाउँसभाका अध्यक्ष एवं पालिका अध्यक्षज्यू ,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

१. नेपालको संविधानको धारा २२९(२) र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँ सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटलाई परनिर्भरता आत्मनिर्भरता, आयातबाट निर्यात, अव्यवस्थित विकासबाट व्यवस्थित विकास तर्फको बजेटको रुपमा प्रस्तुत गरेको छ ।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागी भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिद प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।सार्वभौमकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्याएको योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संविधान , संघिय तथा प्रदेश सरकारबाट जारी ऐन ,कानुन तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन,२०७४, गाउँपालिकाको अर्थ विधेयक, २०८०, विनयोजन विधेयक, २०८०, २०८०/८१ को नीति तथा कार्यक्रम, संघिय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु ; स्थानिय तह संस्थागतक्षमता स्वमूल्यांकन कार्यविधि २०७७, गाउँपालिकाका विषयगत समितिका सुझावहरु, विज्ञ महानुभावहरुको सुझावहरु, सञ्चारकर्मि ,नागरिक समाज, राजनीतिक दलहरु, विभिन्न संघसंस्था एंव

सरोकारवालाको सुझाव र गाउँपालिकाबासी दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त महत्वपूर्ण तथा कार्यान्वयन योग्य सुझावहरुलाई समेटी आ.व २०८०/८१ को निति तर्जुमा र सो को कार्यान्वयन गर्न यो बजेट तर्जुमा गरिएको छ।

४. सम्मानित गाउँसभाका अध्यक्ष ज्यू

**आदरणिय गाउँ सभाका सदस्यहरु,**

**अब म संक्षेपमा बजेट प्रस्तुत गर्न चाहन्छु।**

उल्लेखित नीति र कार्यक्रमका आधारमा विनियोजन विधेयक, २०८० र आर्थिक विधेयक, २०८० तयार गरि गाउँ कार्यपालिका बैठक बाट स्वीकृत गराई यस सम्मानित गाउँसभा मार्फत पारित हुन प्रस्ताव गरेको छु।नीति तथा कार्यक्रमका आधारमा नै आय र व्यय अनुमान तयार गरि यस गाउँसभामा पेश गरेको छु।यस पुर्व गत आर्थिक बर्षको यथार्त आय र व्यय , चालु आर्थिक बर्षको संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक लागेर यस सम्मानित गाउँसभा समक्ष पेश गरेको छु।

५. गत आव २०७८/७९ अषाढ मसान्त सम्म चालु खर्च २६ करोड २२ लाख ९९ हजार ८ सय ५ अर्थात ९३.७५% र पुँजिगत तर्फ रु १५ करोड ३१ लाख ४ हजार ६ सय २२ अर्थात ९७.३०% गरि कुल खर्च ४१ करोड ५४ लाख ४ हजार ४ सय २७ अर्थात ९५.०२% खर्च भएको थियो।

६. अब म गाउँपालिकाको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्नछु ।चालु आ.व २०७९/८० को लागि कुल अनुमानित आय रु ४७ करोड ८३ लाख १७ हजार ८ सय ७९ (पुरक बजेट र थप अख्तियार समेत ) र व्यय तर्फ रु ४७ करोड ८३ लाख १७ हजार ८ सय ७९ (पुरक बजेट थप अख्तियार समेत ) कायम गरिएको थियो ।अनुमानित आयमा जेठ मसान्त सम्म

रु ४३ करोड ६१ लाख ७२ हजार ८ सय २० मात्र निकासा हुन आएको छ भने संघिय सरकार र प्रदेश सरकार को वित्तीयय समानिकरण रकमको अन्तिम किस्ता को ५० % रकम रु १ करोड ४३ लाख ३७ हजार १ सय २५ हाल सम्म निकासा भएको छैन । जसकाकारण दायित्व सिर्जना भईसकेका योजना तथा कार्यक्रमको बाकि भुक्तानी दिन नसकिने अवस्था सिर्जना भएको छ। त्यसै गरि संघिय सरकार को राजश्वबाँडफाड को रकम रु १ करोड २२ लाख ७ हजार ३ सय ९३ रुपैया निकासा कम हुने संसोधित अनुमान गरिएको छ । अनुमानित आयमा २०८० जेठ मसान्त सम्म गाउँपालिकाको आन्तरिक आम्दानी रु ११ लाख ४३ प्राप्त भएको छ भने अषाढ मसान्त सम्ममा १६ लाख रुपैया प्राप्त हुने संसोधित अनुमान गरिएको छ।

७. व्ययतर्फ चालु शिर्षकमा रु ३२ करोड १९ लाख १६ हजार ८ सय ७९ विनियोजन भएको मा २०८० जेठ मसान्त सम्म रु २२ करोड ८३ लाख ३० हजार १ सय २६ अर्थात ७०.९२% र पुँजिगत तर्फ १५ करोड ६४ लाख १ हजार विनियोजन भएकोमा रु १० करोड ६ लाख ८८ हजार ८ सय ५ अर्थात ६४.३७% गरि कुल खर्च ३२ करोड ९० लाख १८ हजार ९ सय ३१ अर्थात ६८.७८% खर्च भएको अवस्था छ।

८. अब म आगामी बर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. स्थानीय स्रोत साधनमा आधारित उद्दमशिलताको विकास गरी स्थानीय दिगो आर्थिक विकास हासिल गर्ने।

ख. उपलब्ध प्राविधिक स्रोत साधन, श्रमशक्ति, पूँजी र प्रविधिको एकिकृत परिचालनबाट रोजगारी सृजना गरी गरिबि न्यूनिकरण गर्ने।

ग. आर्थिक तथा सामाजिक रुपान्तरण मार्फत सन्तुलित, समावेशी, आत्मनिर्भर एंव बलियो ग्रामिण अर्थतन्त्रको आधार निर्माण गर्ने ।

घ. भौतिक पूर्वाधार निर्माण, स्तरोन्नती गर्दै दिगो पनको सुनिश्चितता गर्ने ।

९. बजेटका प्राथमिकता निम्नानुसार रहेका छन् ।

क. कृषि क्षेत्रको रुपान्तरण,

ख. सरकारी, निजी र गैरसरकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना र गरिबी निवारण गर्ने ।

ग. नवप्रवर्द्धनमा आधारित, उद्यमशिलताको विकास गरी स्थानिय आर्थिक विकासमा टेवा पुर्याउने ।

घ. मानव संसाधन विकास गर्ने ।

ङ. स्थानीय पूर्वाधार विकास र पूजी निर्माण गर्ने ।

च. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र पर्यटन क्षेत्रको पुनरुत्थान गर्ने ।

छ. वातावरण संरक्षण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन जोखिम न्यूनिकरण

ज. प्रभावकारी सार्वजनिक सेवा र सुसाशन प्रवर्द्धन ।

**१०.सभाका अध्यक्ष एंव**
**गाउँसभाका सदस्यज्यूहरु,**

अव म गाउँपालिकाको आ.व २०८०/८१ को कूल आय र व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु। नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि आ.व २०८०/८१ को कुल व्यय ४२ करोड ३९ लाख ८९ हजार १ सय रहेको छ। यसको लागि आन्तरिक आय रु २१ लाख , संघिय सरकार सशर्त अनुदान रु २० करोड ९० लाख ,समानिकरण अनुदान रु ९ करोड ४६ लाख , विशेस अनुदान रु ५० लाख ,समपुरक अनुदान रु १ करोड २० लाख, राजश्व बाँडफाडबाट प्राप्त रु ७ करोड ५५ लाख ३३

हजार १ सय , प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु ७९ लाख ६ हजार , प्रदेश सरकार सशर्त अनुदान ७३ लाख ५० हजार , HEIFER International Nepal सँगको साझेदारीमा कृषि तथा पशुपन्छी विकास कार्यक्रममा रु ३५ लाख, प्रदेश सरकार विशेस अनुदान रु २५ लाख, प्रदेश सरकार समपुरक अनुदान रु ४५ लाख र प्रदेश राजश्व बाँडफाड रु ९ लाख ८४ हजार गरि जम्मा रु ४२ करोड ४९ लाख ७३ हजार १ सय रहने प्रक्षेपण गरिएको छ ।

## अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

### भौतिक पूर्वाधार विकास

११. मष्टा गाउँपालिका लाई **अध्यारो मुक्त र उज्यालो युक्त** गाउँपालिकाको अभियान लाई साकार पार्न मष्टा गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनको विस्तारका लागि आवश्यक वजेटको सुनश्चित गरिएको छ ।

१२. गाउँपालिका र गाउँपालिकाका देखि हरेक वडाहरु तथा वस्तिहरुमा सडक सञ्जालको विस्तार तथा स्तरउन्नती गर्ने व्यवस्था मिलाईनेछ । जसका लागि रु १ करोड बजेटको व्यवस्था मिलाईएको छ।

१३. नागरिकहरुको आववतजावत सहजता ल्याउन गाउँपालिका क्षेत्रभित्र रहेका धनातोली , मजिरीघाट , खिकालि गाड र समदेउ सेती नदिमा झोलुङ्गेपुल निर्माण लागि आवस्यक बजेटको व्यवस्था मिलाईएको छ भने अन्य स्थानहरुमा झोलुङ्गेपुलको संम्भाव्ता अध्ययनको प्रक्रिया अगाडि बढाईने छ।

१४. मष्टा गाउँपालका वडा नं. १, २, ३, ५, ६ र ७ स्थित निर्माणाधिन वडा कार्यालयका भवन निर्माण कार्य सम्पन्न गरी आफ्नै वडा कार्यालयबाट सम्पुर्ण

सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छ।सो कार्य गर्नको लागि रु ९० लाख विनियोजन गरेको छु।

१५. गाउँपालिकाको आफ्नै सुविधासम्पन्न प्रशासनिक भवन नहुदा सेवा प्रवाहमा अफ्ठेरो भैरहेको परिपेक्षमा गुणस्तरीय सेवा प्रवाह गर्न गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई अघि बढाउने व्यवस्था मिलाएको छु।

**सामाजिक, शिक्षा तथा स्वास्थ्य**

१६. घरदैलोमा आधारभुत सेवाको पहुच उपलब्ध गराउन तथा स्वास्थ्यको भौतिक संरचना सुधार गरी जनतालाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, वर्थिक सेन्टरको भवन निर्माण तथा मर्मत सम्भारका साथै गाउँपालिका स्तरीय १० शैयाको अस्पातालको भवन निर्माण गर्ने आवश्यक प्रवन्ध मिलाएको छु ।

१७. नारिकलाई सर्वसुभ तरिकाले स्वास्थ्य सेवा उपलब्धताका लागि एम्बुलेन्स सेवा संचालनको व्यवस्था गरिएको हुदा उक्त सेवा दुर्घटनामा परेका घाईते र जोखिममा परेका सुत्केरी आमाहरुलाई निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१८. उच्च शिक्षा हासिल गर्न चाहाने टुहुरा, दलित, अनाथ, विपन्न तथा जेहेन्दार विद्यार्थिहरुको एम्. वि. वि. एस. अध्ययनमा सहयोग पुर्याउनका लागि अध्यक्ष छात्रवृत्ति अक्षय कोष कार्यक्रमलाई कार्यान्वयनका लागि रु १० लाख विनियोजन गरेको छु ।

१९. मष्टा वासीलाई घरदैलो विशेषज्ञ स्वास्थ्य सेवाहरु उपलब्ध गराउन आवश्यकता अनुसार शिविरहरु संचालन गर्ने व्यवस्था मिलाएको छ र सो कार्य गर्न आवश्यक उपकरण र औषधि खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षकलाई समयानुकुल तालिमको व्यवस्था, नमुना विद्यालय घोषणा, सबै विद्यालयहरुमा परीक्षा प्रणालिमा एकरुपता, उत्कृष्ट हुने विद्यार्थी, कर्मचारी, शिक्षक र विद्यालयलाई सम्मानित गर्ने व्यवस्था मिलाएको छु । साथै **म बनाउँछु, मेरो विद्यालय** कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२१. **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** नारालाई साकार पार्न खेलाडीहरु उत्पादनमा जोड दिदै राष्ट्रपति रनिङ्गसिल्ड र गाउँपालिका अध्यक्ष कप जस्ता खेलकुद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरु संचालन गर्न रु १५ लाख विनियोजन गरेको छु ।

२२. आमा बुबा नभएका ६ वर्ष देखि १६ वर्षसम्म उमेर समुहका टुहुरा वालबालिकाको पठनपाठनमा सुनिश्चता गर्न प्रत्येक टुहुरा वालबालिकाहरुलाई मासिक १००० का दरले पाउने गरी जम्मा रु ५ लाख विनियोजन गरेको छु ।

२३. परम्परागत चिकित्सा आयुर्वेदका क्षेत्रमा काम गरिरहेका बैद्यहरुको क्षमता अभिवृद्धि गरी आवश्यक चिकात्सा सामग्रीहरुको उपलब्धता गर्नुका साथै आयुर्वेद तथा योग शिक्षालाई जीवन उपयोगी शिक्षाका रुपमा प्रयोग गर्ने नीति अनुसार रु ५ लाख विनियोजन गरेको छु ।

२४. गाउँपालिका भित्रका ४० देखि ६८ वर्षका विदुर पुरुषहरुको तथ्याङ्क संकलन गरी उनिहरुलाई मासिक १००० का दरले एकल पुरुष भत्ता (विदुर) उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन रु १२ लाख विनियोजन छ ।

**कृषि तथा पशुपालन**

२५. निर्वाहमुखी खेती प्रणालीबाट व्यवसायिक तथा आत्मनिर्भर खेती प्रणालीको विकासका लागी तरकारी, फलफुल, मसला, नगदे तथा खाद्यान्न बाली पकेट क्षेत्रको रुपमा विकास गरी कृषिमा आत्मनिर्भर कार्यक्रम संचालन गरिनेछ । उक्त कार्यक्रमका लागि कृषक तथा कृषक समुहलाई आवश्यक विउविजन, कृषि औजार तथा उपकरण, तालिम र स्थानीय स्तरमा अवलोकन भ्रमणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२६. HEIFER International Nepal, प्रदेश सरकार र मष्टा गाउँपालिका संयुक्त लगानीमा कृषि तथा पशुपन्छी विकास कार्यक्रमका लागी रु ७० लाख विनियोजन गरीएको छ ।

२७. कृषि उत्पादन र पशुपालनको विकास गरी मष्टा गाउँपालिकालाई फलफुल, तरकारी, आलु, दुध, मासु, अण्डा, दलहन, तेल र घ्यूमा आत्मनिर्भर बनाउने कार्यक्रमहरु अघि सारेको छु ।

२८. कृषि क्षेत्रको उत्पादन र उप्पादकत्व वृद्धिका लागि दँगाडे किनाडा सिचाई, दोभँगाले दय सिचाई, पनाछाल किनाडा सिचाई कुलो निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु साथै अन्य स्थानको सिंचाई कुलो निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

२९. किसानहरुले उत्पादन गरेका कृषि उपजहरुलाई गाउँघरमै खरिद गर्ने ब्यवस्था मिलाईनेछ त्यसका लागि प्रत्येक वडाहरुमा कृषि उपज संकलन केन्द्रको स्थापना, कृषि एम्बुलेन्स सेवाको सञ्चालन र उक्त केन्द्रमा संकलित कृषि उपजलाई सहकारी तथा कुनै तेस्रो पक्षबाट खरिद र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३०. **"मष्टा वासीको सान, स्थानीय उत्पादनको पहिचान"** भन्ने नाराका साथ स्थानीय कृषकको उत्पादनलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन र बजारीकरणका लागि कृषि संकलन केन्द्र लाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । उपयुक्त स्थानहरुमा मष्टा कोसेली घरको स्थापना गरी सञ्चालन गरिनेछ । उक्त केन्द्रबाट स्थानीय उत्पादित बस्तुहरुको बिक्री वितरण र प्रचार प्रसार गर्ने नीति अवलम्वन गरिएको छ ।

३१. पशुपंक्षीका संक्रामक रोगहरुको न्युनीकरण गरी कृषको उत्पादन लागत घटाउन तथा आम्दानी बढाउन साथै वडाहरुमा स्थापना भएका उपचार केन्द्रहरुको निरन्तरताको लागि आवश्यक पर्ने औषधी, खोप तथा उपकरण खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

३२. यस मष्टा गाउँपालिकाका धेरै जसो गाउँवस्तीहरुमा खानेपानीको अभाव छ । सो अभावलाई अन्त्य गर्न वडा नं. १ र २ मा सञ्चालित एक घर एक खानेपानीको धारा निर्माणको लागि अन्तर सरकारी अख्तियारी बाट खर्च हुने गरि रु २ करोड ३० लाख बजेटको व्यवस्था गरेको छ ।

३३. नियमित शुद्ध खानेपानीको उपलब्ध गराउनका लागि खानेपानीको मर्मत संभारका कार्यलाई व्यवस्थित गर्ने व्यवस्था मिलाएको छु ।वडा नं. ३ र ४ का जनतालाई खानेपानीको समस्याको समाधानका लागि आवश्यक पहल गर्दै वडा नं. ५, ६ र ७ का लागि वृहत वुढारुवा खानेपानी आयोजना सञ्चालनका लागि आवश्यक पहल गरी वृहत खानेपानी आयोजना सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यस्थापन

३४. गाउँपालिकाले सामुदायिक वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका लागि जनचेतनाको अभिवृद्धिका साथै वन नविकरण गर्ने र वनबाट उत्पादित वस्तुहरुको विक्रि वितरणवाट गाउँपालिकाको आन्तरिक आम्दानीमा वृद्धि हुने व्यवस्था मिलाएको छु ।

३५. **"एक व्यक्ति पाँच रुख, सन्तुलित वातावरण जनतालाई सुख"** भन्ने नारालाई साकास पार्न सफा, स्वच्छ र हरीयाली वातावरण प्रवर्द्धन गर्न जैविक ईन्जिनियरिङ्ग पद्धतिका माध्यमवाट पहिरो लागेको स्थान,बाँझो जमिन र सडकको छेउछाउमा व्यापक वृक्षारोपण गरी भूक्ष्य तथा पहिरो नियन्त्रणका लागि उपाध्यक्ष वृहत वृक्षापरोपण कार्यक्रम सञ्चालन गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।

## परम्परागत धर्म, कला र संस्कृति

३६. ऐतिहासिक तथा पुरातात्विक संपदाको संरक्षण, संम्वर्द्धन र व्यवस्थापन गर्दै सरकारी तथा निजी क्षेत्रको साझेदारीमा ढडाँर मष्टा मन्दिर पुनः निर्माणका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३७. गाउँपालिका भित्र रहेको धर्म, बाजा, कला, संस्कृतिको दस्तावेजीकरण, संग्रह गर्दै त्यस्ता कला संस्कृतिहरुको जगेर्नाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

## उद्यमशिलता र रोजगारी

३८. दलितहरुको परम्परागत कला र सीपलाई आधुनिकीकरण गर्दै एक घर, एक उद्यम एक दलित वस्ती एक उद्योग ( छाला प्रशोधन, मासु बधशाला, टाँक, जुत्ता, फलामे सामाग्री, ठेकी, भाँडाकुडा उद्योग आदि ) सञ्चालन उत्पादन बजारीकरणका लागि रु १० लाख बजेट विनियोजन गरिएको छ ।

३९. स्थानीय स्तरमा उपलब्ध नेपाली हाते कागज उत्पादन, ढटेलो, भाङ्गोबाट उत्पादित तेल, चोतोबाट उत्पादित सिन्की, गुन्द्रुक, चाना तथा कोदो र जौ बाट उत्पादित वस्तुहरुको ब्राण्डिङ्ग, लेवलिङ्ग, गुणस्तर निर्धारण र बजारीकरणमा तालिम प्रविधि हस्तान्तरण लगायत आवश्यक सहयोग गर्ने उद्देश्यले गरिबी न्युनीकरणका लागि अध्यक्ष उद्यमशिल कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु ।

४०. स्वदेश तथा विदेशमा रहेका ब्यक्तिहरुसँग भएका स्थानीय स्रोतमा आधारित स्वरोजगार सृजना गर्ने खालका नविनतम विचारहरुको सदुपयोग गर्न एउटा **Innovative Idea Bank** को कार्यान्वयनको लागि रु १५ लाख बजेटको ब्यवस्था गरेको छु ।

## प्रशासनिक सुधार तथा सुशासन

४१. आजको युग सूचना र सञ्चारको युग हो । सूचना र सञ्चार प्रविधि विना समृद्धिको परिकल्पना गर्न सकिदैन तसर्थ यस क्षेत्रमा इन्टरनेट सहितको सूचना प्रविधिको

विकासका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय गरी प्रविधमैत्री गाउँपालिका निर्माण गर्न आवश्यक बजेटको ब्यवस्था मिलाईएको छ ।

४२. गाउँपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवाहरुलाई छिटो छरितो पारदर्शी र मितव्ययी तरिकाले सेवा उपलब्ध गराउने उद्देश्यले राजश्व, योजना र लेखाबाट प्रदान गरिने सेवालाई सफ्टवयेरबाट प्रदान गर्ने कार्यलाई निरन्तरता दिने र अन्य सफ्टवयेर खरिद तथा ब्यवस्थापनका लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

४३. गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सेवाग्राही मैत्री बनाउन कर्मचारीहरुलाई चेन अफ कमान्ड मार्फत जनउत्तरदायी, जवाफदेही, पारदर्शी र मितव्ययी तरिकाले सेवा प्रदान गर्न कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना गर्ने ब्यवस्था मिलाएको छु ।

४४. सम्मृद्ध र सन्तुलित गाउँपालिका विकासका लागि आवश्यकता अनुसार सल्लाहकारहरु, विषय विज्ञ, मेलमिलापकर्ता, गाउँ प्रहरी लगाएताका अन्य जनशक्ति नियुक्ति तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

४५. गाउँपालिकाका नागरिकलाई गुणस्तरीय सेवा प्रदान तथा समायनुकुल विकासका लागि आवश्यकता अनुरुप जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४६. नागरिकलाई प्रदान गर्ने सेवाको पहुचँमा वृद्धि गरी सुशासन युक्त गाउँपालिका बनाउन नागरिक वडापत्र, सोधपुछ कक्ष, सामुदायिक मेलमिलाप केन्द्रको स्थापना, गुनासो सुनुवाई कक्ष व्यवस्था, सार्वजनिक सुनुवाई तथा हटलाईन संयन्त्र र ई-हाजिरीका लागि रु १० लाख बजेटको व्यवस्था गरेको छु ।

अन्त्यमा,

नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्नमा निर्देशन गर्न हुने अध्यक्ष ज्यू, सहयोग गर्नहुने सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दल, बजेटमा अमूल्य सुझाव प्रस्तुत गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यूहरु, वडा सचिव ज्यूहरु, लगायत यस गाउँपालिका सम्पूर्ण कर्मचारी ज्यूहरु, गाउँपालिका भित्रका सम्पूर्ण गैरसरकारी संघ संस्थाका प्रमुखज्यू, नागरिक समाज, पत्रकार, यस गाउँपालिकावासी सम्पूर्ण दिदीबहिनी दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !!!**